चाडपर्वको संरक्षण र सम्बर्द्धन गरौं।
चाडपर्वमा फजुल खर्च नगरौं
– हाम्रा सांस्कृतिक पर्वहरूको जगेर्ना गरौं।
– मद्यपान र जुवातासजस्ता विकृतिको अन्त्य गरौं।
नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY
# प्रतीक दैनिक
राष्ट्रिय 'क' वर्ग
eprateekdaily.com

Kirloskar Oil Engines
डिजल पम्प
रोटाभेटर
अधिकृत बिक्रेताः
महाकाली इन्टरनेशनल प्रा.लि.
मुर्ली, वीरगंज-१३, पर्सा
मो: ९८५५०२२५८०

❖ वर्ष ३६ ❖ २०७९ असोज १२ गते बुधवार // मृत भस्म नबन्दैमा भिल्को भैकन बल्नुछ // 2022 September 28 Wednesday ❖ मूल्य ५/-❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क ४१

## दुई महीनामा महानगरले १२ करोड राजस्व उठायो

प्रस, वीरगंज, ११ असोज/

वीरगंज महानगरपालिकाको कार्यालयले चालू आव २०७८/७९ को दुई महीनामा १२ करोड चार लाख ४७ हजार राजस्व सङ्कलन गरेको छ।



तस्वीरः फाइल

वीरगंज महानगरको राजस्व महाशाखा प्रमुख मनोज कर्णले चालू आवको साउन १ देखि असोज १० गतेसम्म महानगरपालिकाले १२ करोड चार लाख ४७ हजार विभिन्न शीर्षकमा राजस्व सङ्कलन गरेको बताए। यो रकम गत वर्षको सोही अवधिभन्दा लगभग पौने तीन करोड बढी रहेको उनले जानकारी गराएका छन्।

आव २०७८/७९ मा साउन १ देखि असोज १० गतेसम्म नौ करोड ३६ लाख नौ हजार राजस्व सङ्कलन भएको थियो। उनले यस आवमा महानगरपालिकाले सम्पत्तिकर घटाएको र छ महीनाको अवधिमा राजस्व बुझाउनेहरूलाई छुट दिने योजना ल्याए पनि राजस्वमा वृद्धि भएको बताए।

महानगरले यसअघि १० लाखसम्मको सम्पत्ति भएकासँग रु दुई सय, २० लाखसम्मका लागि रु पाँच सय लिने गरेकामा यसपटक २० लाखसम्म रु तीन सय राजस्व कायम भएको र सोही अनुरूप अन्य वर्गका करदाताहरूको पनि वर्गीकरण गरिएको बताए। उनले अहिलेको कर गरीबलक्षित रहेको जानकारी गराए। थोरै सम्पत्ति हुनेहरूलाई करको दायरा थोरै गरिएको र उनीहरूमध्ये ठूला करदाताहरूलाई कम मात्र छुट भएको बताए। महानगरले पुस मसान्तसम्म सम्पत्तिकर, व्यवसायकर बुझाउनेलाई छुटको व्यवस्था गरेको बताएका छन्।

महानगरले साउन १ देखि असोज १० गतेसम्म सम्पत्तिकरबाट चार करोड १५ लाख ३६ हजार, भूमिकरबाट २८ लाख ६८ हजार, घरबहालकरबाट एक करोड ४६ लाख १४ हजार, साना सवारीकरबाट सात लाख ८९ हजार, विज्ञापनकरबाट १७ लाख ८८ हजार, व्यवसाय रजिस्ट्रेशन दस्तुरबाट ६८ लाख ५७ हजार, सरकारी सम्पत्ति बहालबाट ६८ लाख ३७ हजार, अन्य सेवा शुल्कबाट ९५ लाख ८६ हजार, नक्शापासबाट ६७ लाख ५३ हजार, सिफारिश दस्तुरबाट ३६ लाख ३४ हजार, व्यक्तिगत घटना दर्ताबाट आठ लाख ६४ हजार, नाता प्रमाणितबाट तीन लाख १६ हजार राजस्व सङ्कलन भएको बताए।

राजस्व महाशाखा प्रमुख कर्णले महानगरपालिकाले एक हजार दस्तुरको कर वडा कार्यालयमा बुझाउन सकिने व्यवस्था गरिएको बताए। यसैगरी, महानगरपालिकाले ईबैंकिङमार्फत राजस्व बुझाउने व्यवस्था पनि गरिरहेको बताएका छन्। उनले यस कार्यको परीक्षण भइरहेको र अविलम्ब यो सेवा उपलब्ध गराउने बताए। महानगरमा तिर्ने करका लागि अब कार्यालय धाउनुपर्दैन, उनले भने।

यसैगरी, राजस्व बुझाउन आउनेहरूका लागि वातानुकूलित कक्ष तयार गरिएको जसमा करदाताहरूलाई बस्ने ठाउँ र निश्शुल्क वाइफाईको व्यवस्था गरिएको बताए।

### मेनरोडका ६४ जनाले मात्र महानगरमा नक्शा बुझाए

प्रस, वीरगंज, ११ असोज/

वीरगंज महानगरपालिकाले मेनरोडमा रहेका घरधनीहरुलाई नक्शापास भए/नभएकोबारे सूचित गर्न यही असोज मसान्तसम्म समय दिएको छ। असोज १० गतेसम्म ६४ जनाले मात्र नक्शा बुझाइसकेका छन्।

वीरगंज महानगरको नक्शा महाशाखाकी पूनम श्रेष्ठले अहिलेसम्म ६४ जनाले नक्शा बुझाएको बताइन्। उनले गण्डकदेखि शङ्कराचार्य द्वारसम्म मेनरोडमा ९३६ जना घरधनी रहेको र त्यसमध्ये ६४ जनाले मात्र नक्शा बुझाएको र अरुको लागि अहिले समय भएको बताइन्। उनले महानगरपालिकाले मेनरोडका घरहरुको के-कसरी नक्शापास भएको छ र ककसले नक्शापास गरे/नगरेकोबारे अद्यावधिक गर्नका लागि र सोही अनुसार कारबाई प्रक्रिया अगाडि बढाउने अभिप्रायले मेनरोडमा घर बनाएकाहरुसँग नक्शा माग गरिएको बताइन्।

महानगरपालिकाबाट नक्शापास नगराएका र नक्शापास गराएकाहरुले पनि सो बमोजिमको संरचना बनाए/नबनाएकोबारे अद्यावधिक गर्ने र त्यसपछि गैरकानूनी तरीकाले बनेका घरहरु भत्काउने कार्य शुरु गरिने महानगरले जनाएको छ।

## बीमा कम्पनीले क्षतिपूर्ति उपलब्ध नगराउँदा केरा किसानहरू आन्दोलित

प्रस, निजगढ, ११ असोज/

निजगढका केरा किसानहरूले चाडबाड नजीकिंदै गर्दा बाली क्षतिपूर्तिबापत बीमा रकम नपाउँदा आर्थिक समस्यामा परेको भन्दै मङ्गलवार निजगढमा प्रदर्शन गरेका छन्।



तस्वीरः प्रतीक

हावाहुरी, असिनापानीका कारण केराको बोट ढलेर नष्ट भएकोमा क्षतिपूर्तिको लागि करीब छ महीनासम्म पटक-पटक बीमा कम्पनीमा ताकेता गर्दासमेत अहिलेसम्म बीमा कम्पनीले रकम उपलब्ध नगराएको आन्दोलित केरा किसानहरूको भनाइ छ।

निजगढ नगरपालिकाभित्र लगभग १५ सय बिघामा केराखेती गरिएको अनुमान छ। जसमा एक हजारभन्दा बढी व्यावसायिक केराखेती गर्ने किसानहरू आबद्ध रहेको बारा केरा तथा फलफूल उत्पादक व्यवसाय सङ्घले जनाएको छ।

यहाँ करीब अढाई सय केरा किसानले केराखेतीको बीमा गरेको किसानहरूको भनाइ छ। यहाँका किसानहरूले करीब रु चार करोड ५० लाख बराबर क्षतिपूर्ति रकम पाउनुपर्ने बारा केरा तथा फलफूल उत्पादक व्यवसाय सङ्घले जानकारी दिएको छ। हिमालयन-एभरेस्ट इन्स्योरेन्स कम्पनीमार्फत यहाँका केरा किसानहरूले केराखेतीको बीमा गरे पनि कम्पनीले विभिन्न बहाना देखाउँदै पीडित किसानहरूलाई क्षतिपूर्ति रकम उपलब्ध गराउन ढिला गरिरहेको आन्दोलित किसानहरूको आरोप छ।

यथाशीघ्र बीमा रकम उपलब्ध गराइदिन आग्रह गर्दै पीडित किसानहरूले बाराका प्रमुख जिल्ला अधिकारी कृष्णबहादुर कटुवाललाई ज्ञापनपत्र पनि बुझाइसकेका छन्।

किसानहरूलाई बीमा रकम समयमा नै उपलब्ध होस् भनी आवश्यक प्रक्रिया अघि बढाइ मुख्य कार्यालयमा समयमा नै पठाइसकेको हिमालयन-एभरेस्ट इन्स्योरेन्स कम्पनी, सिमराका प्रमुख शङ्कर पौडेलले जानकारी दिए।

कृषि बीमा निर्देशिकामा प्रतिकट्ठा ५५ बोट केराबाली लगाउन तोकिए पनि यहाँका किसानहरूले निर्देशिकामा तोकिएभन्दा बढी सङ्ख्यामा केराको बोट लगाउने गरेको पाइएको बीमा कम्पनीबाट खटाइएको सर्भे टोलीबाट जानकारीमा आएको शाखा प्रमुख पौडेलले बताएका छन्। तोकिएको सङ्ख्याभन्दा बढी बोटबाट उत्पादन लिन खोज्दा हावाहुरी, असिनापानी जस्ता प्राकृतिक विपत्तिमा उच्च क्षति हुने सम्भावना बढ्छ।

पीडित किसानहरूलाई यथाशीघ्र बीमा रकम उपलब्ध गराउन भन्दै बारा केरा तथा फलफूल उत्पादक व्यवसाय सङ्घका अध्यक्ष एकबहादुर श्रेष्ठसहितको टोलीले सङ्घीय कृषिमन्त्री मृगेन्द्रकुमार सिंह र मन्त्रालयका सचिव गोविन्द शर्मासँग भेट गरी किसानहरूको समस्यालाई छिटो सम्बोधन गरी बीमा रकम उपलब्ध गराउन माग गरेको थियो।

यता पीडित किसानहरूको समस्यालाई बेवास्ता गरे चरणबद्ध सङ्घर्षका कार्यक्रममा उत्रने सङ्घका अध्यक्ष श्रेष्ठले चेतावनी दिएका छन्।

## रौतहटका युवाहरू गाई/भैंसीपालनतर्फ आकर्षित

प्रस, रौतहट, ११ असोज/

रौतहटका युवाहरू आजभोलि गाई/भैंसीपालनतर्फ आकर्षित हुन थालेका छन्।


तस्वीरः फाइल

गौर नगरपालिकाको श्रीसिया टोल निवासी प्रमोद ठाकुरले आयुर्षी गाई/भैंसी, पशुपक्षी तथा आर्गेनिक तरकारी खेती गरिरहेका छन्।

उनले फार्म दर्ता गरी दुई महीनादेखि गाई/भैंसीपालन शुरू गरेको बताए। गत साउनदेखि शुरू गरिएको गाई/भैंसीपालनबाट मासिक रु सवा लाखसम्म आम्दानी हुने गरेको बताए।

तीनवटा गाईले एक दिनमा ४८ लिटर दूध दिइरहेको फार्मका सञ्चालक ठाकुरले बताए।

प्रतिमहीना दाना खर्च १५ हजार, औषधि खर्च १५ सय, अन्य खर्च दुई हजार गरी मासिक रु १८ हजार ५०० खर्च हुने गरेको उनले बताए। तीन लाखमा तीनवटा गाई, ६० हजारमा एउटा पाडी, दुई लाखमा खोर निर्माण, एक लाखमा फ्रिज खरीद गरी कुल रु छ लाख ६० हजारको लागत लगाएर प्रतिमहीना रु सवा लाखसम्म आम्दानी हुने गरेको बताए। उनले अरूको नोकरी गर्नुभन्दा आफ्नो काम र मेहनत गरी कमाउन सकिने बताए।

सहकारी संस्थाबाट ऋण लिई प्रतिमहीना रु ११ हजार किस्ता बुझाउने गरेको बताए। आफ्नो व्यवसायप्रति सन्तुष्ट रहेका ठाकुरले दूधबाट बन्ने विभिन्न परिकार, दही, घ्यू, पनिर, मिठाइ, पेडालगायत सामग्री बनाएर बिक्री गर्ने गरेको बताएका छन्।

## टचुशन शिक्षा केन्द्रमा सहयोग गर्नेलाई सम्मान

प्रस, सेढवा, ११ असोज/

पिसफोरदलित्स फाउन्डेशन नेपाल, मधेस प्रदेश, पर्साको आयोजना र अमेरिका बस्ने धर्मेन्द्र तिमल्सिना 'क्षितिज' र टीका तिमल्सिनाको आर्थिक सहयोगमा जीराभवानी गाउँपालिका वडा नं ४ सुपौली गाउँको दलित बस्तीका बालबालिकाको लागि निश्शुल्क टचुशन कक्षा केन्द्रको उद्घाटन गरिएको छ।



तस्वीरः सौजन्य

तिमल्सिना परिवारले एक लाख २५ हजार आर्थिक सहयोग गरेपछि गापा उपाध्यक्ष रेखा चौधरीले टचुशन कक्षा केन्द्रको उद्घाटन गरेकी थिइन्। कार्यक्रममा तिमल्सिना परिवारलाई सम्मान गरिएको थियो।

यसैगरी, टचुशन केन्द्रको लागि जग्गा दान गर्ने रामचन्द्र राम, देवपती देवी र चन्द्रकिशोर रामलाई सम्मान गरिएको थियो। टचुशन केन्द्रको लागि उनीहरूले पाँच वर्षको लागि निश्शुल्करूपमा जग्गा उपलब्ध गराएका हुन्। कार्यक्रममा टचुशन घरको लागि सहयोग गर्ने दीपेन्द्र राम, परमानन्द राम, संजोग राम, सुरेन्द्र पासवान, अशोक राम, शिव रामलगायतलाई सम्मान गरिएको थियो।

पर्सा जिल्लामा अहिलेसम्म एक हजार दलित बालबालिका विद्यालयबाहिर छन्। उनीहरूलाई विद्यालय भर्ना गरिएको छैन। उनीहरूलाई शिक्षातर्फ आकर्षित गर्न र गुणस्तरीय शिक्षा प्रदान गर्न टचुशन कक्षा केन्द्र सञ्चालन गरिएको हो, जहाँ एकजना स्वयंसेवक शिक्षकले अध्यापन गराउँछन्।

विभिन्न व्यक्तिहरूको सहयोगमा टचुशन कक्षा केन्द्र सञ्चालनमा आइरहेको फाउन्डेशनका उपाध्यक्ष चन्द्रकिशोर रामले बताए। उनले जग्गा दान गरेर दलित बालबालिकाहरूलाई शिक्षित हुने अवसर प्रदान गरेकामा खुशी व्यक्त गरे।

फाउन्डेशनका सदस्य परमानन्द रामले निश्शुल्क टचुशन अभियान मधेस प्रदेशका अन्य जिल्ला र स्थानीय तहहरूमा सञ्चालनमा ल्याउने योजना रहेको जानकारी गराए। उनले आजदेखि सञ्चालनमा आएको टचुसन कक्षा केन्द्रमा १५० जना दलित बालबालिका लाभान्वित हुने जानकारी गराए।

कार्यक्रमको सहजीकरण फाउन्डेशनका अध्यक्ष मनोज रामले गरेका थिए।

### विचारसार र सूक्तिहरू

**वस्तुतः संसारमा मानिस वा कुनै पदार्थमा गुण र अवगुण दुवै हुन्छन् । यो हाम्रो दृष्टिकोणमा भर पर्छ कि हामी त्यसको गुण खोज्छौं कि अवगुण ।**

प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आर. के. पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com

## परम्परागत मेला

**अहिलेको युग प्रविधिको हो । सानादेखि वृद्धवृद्धासम्म बिहानदेखि बेलुकीसम्म मोबाइल, ल्यापटप, डेस्कटपमा रुमलिएका हुन्छन् । इन्टरनेटको सेवा विस्तारले अहिले विभिन्न खाले एपहरू डाउनलोड गर्ने अनि खेल्ने, चलचित्र, कार्टुन हेर्ने अनि देशविदेशमा भएका आफन्तजनसँग ह्वाट्सएप, इमो, म्यासेन्जर, फेसबूक, बोटिमलगायतका एपहरूबाट चयाट (कुराकानी) गरिन्छ। मनोरञ्जनको विश्वासिलो साथी इन्टरनेट अनि मोबाइल । कुनै बखत सीमित व्यक्तिको मात्र पहुँचमा रहेको यो सेवा अहिले सबैको पहुँचमा पुगिसकेको छ। दूरदराज गाउँदेखि पहाड, हिमालसम्मका बस्तीहरूमा इन्टरनेट सेवा पुगिसकेको छ र मानिसहरू मोबाइलमार्फत यसको भरमग्दुर प्रयोग गरिरहेका छन्। जन्मेको ८–१० महीनाका अबोध बच्चादेखि उमेर हदले सबैथोक देखे भोगेर मृत्यु कुरेर बसेका अति ज्येष्ठ नागरिकहरू पनि अहिले यसैमा रुमलिएर बसेका छन् । इन्टरनेटले गर्दा अहिले देश–दुनियाँका समाचारलगायत हरेक गतिविधिमा प्रायः सबैजनाको पहुँच बढेको छ । इन्टरनेट सेवाको यति विघ्न सञ्जाल विस्तार भएको छ कि मानिसहरूले अब यसैबाट आफ्नो दैनिक कामकाजहरू मोबाइल, ल्यापटप, डेक्सटपबाट सम्भव गरिरहेका छन् । यसैले अहिले संसार नै एउटा मोबाइलमा सीमित बनेको छ। बालबालिकाहरूका लागि अध्ययनको साधन भएको छ, मोबाइल ।**

**अझ कोरोनाकालमा जूमबाट अनलाइन कक्षा सञ्चालन भयो। भौतिक उपस्थितिमा अध्ययन गर्न सो अवधिमा सम्भव नभएपछि इन्टरनेट अति प्रभावकारी भएको थियो र बालबालिकाहरू रोगको सङ्क्रमणका कारण विद्यालय, कलेज जान नसके पनि घरमा बसेर अध्ययन गर्ने अवसरको उपयोग गरेका थिए। कोरोनाको कहर अहिले केही कमजोर भएको छ र भौतिक उपस्थितिमा विद्यालय, कलेजहरू सञ्चालनमा छन्। एउटा मोबाइल विद्यार्थीको लागि अध्ययनको साधन भएको छ भने गृहिणीको लागि मनोरञ्जनको साथी अनि घरमा बसेर विभिन्न परिकार बनाउन सिकाउने शिक्षक पनि । यसमा उपलब्ध सेवाहरूको वर्णन गरेर साध्य छैन। एउटा मोबाइलले क्यामरा, घडी, क्यालेन्डर, क्याल्कुलेटर, पात्रो, नक्शा, डिक्शनरी, भिडिओ गेम आदि इत्यादि सबैथोकको आवश्यकता पूरा गरेको छ । चलचित्र हेर्नका लागि अहिले सिनेमा हलमा पुग्नै पर्दैन। विभिन्न एपहरूमार्फत नयाँ प्रदर्शित चलचित्र शुल्क तिरेर वा निश्शुल्क हेर्न सकिन्छ। संसारमा प्रविधिले यत्रो ठूलो परिवर्तन ल्याइसक्दा पनि हाम्रो वीरगंज महानगरमा लाग्ने दशैं मेलामा भने उही पुरानो परम्परा कायम छ। घण्टाघरदेखि मेनरोडको आदर्शनगरसम्म भुजा–पकौडी, जिलेबी, बतासा, खाजानास्ताका स्टलहरू लाग्दै आएका थिए र अहिले पनि लागेको छ ।**

**यसैगरी, चुरा, पोते, सिन्दुर, रिबन, पुराना शैलीका खेलौना, फुलौनाहरूका स्टलले सजिएको छ, महानगरको मेनरोड । घटस्थापनादेखि अष्टमीसम्म लाग्ने मेला उहिले र अहिले जस्ताको त्यस्तै छ, खासै परिवर्तन भएको छैन । छिमेकी रक्सौलदेखि मेला भर्न, भाकल चढाउनका लागि गहवामाई र बिर्तामाई मन्दिरमा आउने, विभिन्न सामानहरू खरीद गरेर जाने परम्परा अहिले पनि छ। पछिल्लो समयमा रक्सौलको लक्ष्मीपुरनजीक मनसामाईको मन्दिरमा दशैं मेला लाग्न थालेपछि त्यहाँका मानिस आउन केही कमी भएको छ। मनसामाईमा लाग्ने मेला पनि परम्परागत शैलीकै छ । महानगरको दशैं मेलाले धेरै [redacted] शैलीलाई जीवन्त राखेको [redacted] कुराहरूको स्मरण गराउँदैछ।**

# हाम्रो संविधानः एक चर्चा

स्वतन्त्र विचार

विनोद गुप्ता

**विपीले पनि सानो र सुन्दरको परिकल्पना गर्दै, देशले पञ्चायती राज (स्वराज)बाट ग्रामीण स्वावलम्बन हासिल गर्न सके समाजवाद सफल हुने बताएका थिए, तर गणेशमान सिंह र कृष्णप्रसाद भट्टराईको देहावसानपछि विपीलाई थपना बनाएर सत्तारूढ हुने जुन खेल चल्यो त्यसले नै नेकालाई अहिलेको दुर्दशा भोग्न बाध्य बनाएको हो ।**

नेपालको संविधान २०७२ को प्रस्तावनामा 'हामी सार्वभौमसत्ता सम्पन्न नेपाली जनता' लेखिएको 'भाग–१ प्रारम्भिककै २ नम्बरमा सार्वभौम सत्ता र राजकीय सत्ताः नेपालको सार्वभौम सत्ता र राजकीय सत्ता नेपाली जनतामा निहित रहेको छ' भनी उल्लेख छ। संविधान भनेको सम्मतिका विधान हो र यो जारी हुँदा सकेसम्म सबै देशवासीले यसको स्वाामित्व ग्रहण गर्नुपर्दछ भन्ने कुरामा विवाद हुन सक्दैन। घोषणाका बखत विश्वकै उत्कृष्टमध्ये एक र दक्षिण एशियाको सर्वश्रेष्ठ भनेर जारी गरिएको यो संविधानले एउटै देशमा कतै दीपावली गरायो त कतै कालो दिवस नै मनाइयो जुन यस वर्ष पनि जारी छ। विरोध आन्दोलननका दौरान ५४ जनालाई घाँटी र छातीमा गोली हानियो, धेरै घाइते भए। घाइते र शहीद भएको आठ वर्षपछि अहिले सरकारले उनीहरू र उनका परिवार लाई सम्मानजनक जीवनयापनको लागि मासिक रु तीन हजार भत्ता दिने प्रस्ताव तयार गर्दैछ ।

संविधान गतिशील दस्तावेज हो र यसको मूल स्वरूप अर्थात् अपरिवर्तनशील धाराहरूबाहेक अन्यलाई समयानुकूल संशोधन गरेर समयसापेक्ष बनाइन्छ, बनाउनुपर्छ। यस संविधानमा ४६ वटा मौलिक हक सुनिश्चित गरिएका छन् । बितेको सात वर्षमा यसमध्ये कति कार्यान्वयन भए, कति भएनन् र भएकाहरूको कार्यान्वयनको अवस्था के छ भनेर नेपालको संसद्ले आफ्नो पाँच वर्षे शासनकाल पूराहुन्जेल कुनै चासो राखेन । चासो केमा रह्यो भने नागरिकमा । पूर्व प्रम ओलीले अध्यादेशबाट बाँड्न खोजेको नागरिकतामा अदालतले यस्तो संवेदनशील विषयमा संसद्बाटै कानून बन्नुपर्ने भनेर रोकेपछि जस कमाउनबाट वञ्चित हुन पुगेको एमाले अहिले संसद्बाट पास भई प्रमाणीकरणका लागि राष्ट्रपतिसमक्ष गएको विधेयकको प्रमाणीकरण रोकेर गठबन्धन सरकारलाई जस पाउनबाट रोक्न चाहन्छ। यसमा संविधानको संरक्षकको रूपमा रहेको राष्ट्रपतिले समेत पहिलोपटक फिर्ता पठाएको र दोस्रोपटक १५ दिनमा प्रमाणीकरण नगरी के सन्देश दिन खोजेको हो ।

पूर्वप्रम ओलीले आफ्नो कार्यकालमा दुईतिहाई बहुमत हुँदाहुँदै आफूबाहेक आफ्नै दलको अरूलाई प्रधानमन्त्री बन्न नदिन संविधानमा धारा ७६ को (७) बाहेक संसद् विघटनको अन्य कुनै बाटो नभए पनि आफ्नो विशेषाधिकार भन्दै दुई/दुईपटक संसद् विघटन गरे र सर्वोच्चको संवैधानिक पीठले त्यसलाई दुवैपटक पुनर्बहाल गरिदियो। महामहिम राष्ट्रपतिसमेत यस गैरसंवैधानिक कार्यमा संलग्नन रहे तर अन्ततः अदालतको आदेश मान्न बाध्य हुनुपर्‍यो। त्यस्तै संविधान र ऐन कानूनको व्याख्या गर्ने सर्वोच्च संस्था सर्वोच्च अदालतका प्रधानन्यायाधीश नै अहिले निलम्बनमा परेका छन् र संसदीय समितिले महाअभियोग लगाउन गरेको सिफारिशपछि उनले जुन व्यवहार देखाए र सरकार जसरी यसमा संलग्न भयो त्यो सबै हेरी के भन्न सकिन्छ भने मधेसवादी दल मात्रै होइन, सत्तारूढ दल, विपक्ष, प्रधान न्यायाधीश कसैले पनि यो संविधानको स्वामित्व ग्रहण गरेको छैन अपितु संविधानको मर्म र भावनाविपरीत आफूखुशी प्रयोग गरिरहेको छ । यो अवस्था नै संवैधानिक अनुशासनहीनता हो ।

यस्तो अवस्था देखेर एउटा सचेत नागरिकको हैसियतले किन यस्तो भएको होला र अब के गरे बेस होला भनेर सोचिरहेकै बेला १७ सेप्टेम्बरको द राइजिङ नेपालमा त्रिभुवन विश्वविद्यालयबाट अवकाशप्राप्त राजनीतिशास्त्रका प्राध्यापक देवराज दाहालको Revisiting Prehistoric Knowledge शीर्षकको लेख पढ्न पाएँ जसले धेरै हदसम्म यस्तो अव्यवस्थाको कारण विश्लेषण गरेकोजस्तो लागेकोले त्यो लेखको केही अंश यहाँ उद्धृत गरेको छु ।

वेदहरूका अनुसार शिक्षाले व्यक्तिलाई Introspectoin (mental & Emotional Evaluation) self realization and total conciousness of life and outside world ले प्रदान गर्दछ भने Fax Muller का अनुसार इशा उपनिषद्ले ज्ञानलाई सृष्टिको उपलब्धिमा ज्ञानान्दित हुने)

1. Enjoying Fruits of creation.
2. one should not covet other possesion
3. Partake the means of livlihood to the minimum and conserve the resources for others to meet their requirement.
4. Both plant and Animal follow this order (वनस्पति र जीवले समेत यस व्यवस्थाको पालन गर्दछ) भनेको छ।

अर्थात् यी चार गुण भएको व्यक्ति शिक्षित हुन्छ र Careing को प्रारम्भ यही ज्ञानको प्राप्तिबाट भएको भन्दै प्रा. दाहाल लेख्छन्– हामी आर्थिक उन्नतिको नाममा उदारवाद भन्दै उपभोक्तावादी संस्कृतिको बाटो लाग्यौं जसले गर्दा Caring संस्कृति नष्ट हुन पुग्यो। राष्ट्रवाद वा राष्ट्रियताको सरल परिभाषा नै आम जनताले मलाई मेरो सुख–दुःखमा हेरिदिने कोही छ भन्ने भावना जागृत हुने अवस्था हो। तर हामीले अङ्गीकार गरेको नीतिले Care–culture लाई नै समाप्तप्रायः गरिसकेको अवस्थामा यो संविधानको स्वामित्व कसले ग्रहण गर्ने भन्ने प्रश्न खडा भएको छ । जनतालाई यसले छुन सकेन, राजनैतितक दल र ब्युरोक्रेसीको लागि यो फाइदाको लागि प्रयोग हुने औजार बनेको छ । त्यसैले आसन्न निर्वाचनपछि निर्वाचित हुने वा बन्ने सरकारले पनि यसको कार्यान्वयन पक्षको मूल्याङ्कन गरेर यसलाई समय सापेक्ष बनाउन सकेन भने ७० वर्षमा सातवटा संविधान बनाएको हाम्रो देशले २०८२ सम्म अर्को संविधान बनाइसक्नुपर्ने प्रक्षेपण गर्न सकिन्छ ।

विपी जन्म दिवसको आफ्नो लेखमा हार्वडका अर्थशास्त्री प्राध्यापक डायन फ्रेडरिकले ४० वर्षको विश्व्यापीकरणको प्रभावको अध्ययनपश्चात यसले धनीलाई झन् धनी र गरीबलाई ऋणको भारी बोकाएकोले अब स्थानीयता, रोजगार र उत्पादनमुखी नीति अङ्गीकार गर्नुको विकल्प नरहेको उल्लेख गरेको थिएँ । विपीले पनि सानो र सुन्दरको परिकल्पना गर्दै देश पञ्चायती राज (स्वराज)बाट ग्रामीण स्वावलम्बन हासिल गर्न सके नेपालमा समाजवाद सफल हुने विचार व्यक्त गरेका थिए, तर स्व. गणेशमान सिंह र कृष्णप्रसाद भट्टराईको देहावसानपछि विपीलाई थपनाको मूर्ति बनाएर सत्तारूढ हुने जुन खेल चल्यो त्यसले नै नेकालाई अहिलेको दुर्दशा भोग्न बाध्य बनाएको हो ।

अन्त्यमा दुःख र सुख चलिरहन्छ नियतिको चक्रको आफ्नै गति हुन्छ त्यसैले दुःख पर्दा सन्तोषले साथ दिने भएकोले यस वर्षको शारदीय नवरात्र अर्थात् बडादशैं ऋण नकाढी सकेसम्म रमेर मनाऔं भन्दै सम्पूर्ण नेपालीमा मङ्गलमय शुभकामना !

# सिराहामा झिझिया नृत्यको रौनक

गोलबजार, ११ असोज/रासस

सिराहामा झिझिया नृत्यको रौनक शुरू भएको छ । घैंटोमाथि बलिरहेको आगोको डल्लो लिएर नृत्य गर्नु आफैंमा साहस र कलाको अलौकिक प्रदर्शन नै झिझिया नृत्य हो ।


तस्वीरः एजेन्सी

दशैं शुरूसँगै गाउँगाउँमा झिझिया नाचिन्छ। पूर्ण तान्त्रिक विधि अनुसार गरिने यो नृत्यको मिथिला क्षेत्रमा आफ्नै महत्त्व छ। दशैंमा देवी स्तुतिका रूपमा झिझिया नृत्य गरिन्छ ।

बोक्सीबाट आफ्ना सन्तान र समाजको सुरक्षाका लागि यो नृत्य गर्ने गरिएको जनविश्वास छ । दशैं शुरू भएपछि हरेक साँझ देवी दुर्गाको मन्दिरमा झिझिया नाच गरिन्छ ।

मिर्चैया नगरपालिका–२ मल्हनियाँ पिरारीमा झिझिया नृत्य प्रतियोगिता आयोजना गरिएको र नृत्यमा प्रथम, द्वितीय, तृतीय हुनेलाई पुरस्कार दिने दुर्गा पूजा समितिका अध्यक्ष शिवशङ्कर कापरले बताए । यस्तै, कल्याणपुर नगरपालिका–११ कल्याणपुर बजार दुर्गा मन्दिरमा अर्नामाबाट आएका महिलाको समूहले झिझिया नृत्य गरेको स्थानीय अजय मण्डलले बताए । जिल्लाकै लक्ष्मीपुर पतारी गाउँपालिका–१ रामपुर दुर्गा मन्दिर प्राङ्गणमा झिझिया नृत्य प्रतियोगितामा सहभागी हुन झिझिया समूहलाई आमन्त्रण गरेको स्थानीय रामकुमार रजकले बताए ।

सिराहामा कमला नदी क्षेत्रमा बसोबास रहेका बस्तीमा बढी झिझिया खेल्ने गरेको पाइन्छ। जिल्लामा कर्जन्हा नगरपालिका, कल्याणपुर नगरपालिका, सिराहा नगरपालिका, मिर्चैया नगरपालिका, विष्णुपुर गाउँपालिका, नरहा गाउँपालिका, औरही गाउँपालिका, गोलबजार नगरपालिकाका केही भागमा यो नाच देखाइन्छ। जिल्लाकै पूर्वी स्थानीय तहमा र सप्तरीमा झिझिया नृत्य मनाउने चलन छैन ।

गाउँघरका महिलाले आफ्नो पारिवारिक शान्तिको कामना गर्दै दशैंताका झिझिया नृत्य नाच्ने गरेको विष्णुपुर गाउँपालिकाका सन्तोष यादवले बताए। समाज रूपान्तरणसँगै लोकनृत्य गायब हुन थालेका छन् । अहिले मञ्च लगाएर 'डिजे साउन्ड'मा झिझिया हुन थालेको चौहर्वाका दीपेन्द्र यादवले बताए।

राति समूह–समूहमा महिला झिझिया नृत्य गरिरहेको सहजै देख्न सकिन्छ । यसको एउटा उद्देश्य दशैंको समयमा देवी दुर्गालाई रिझाउनु रहेको छ । झिझिया नृत्य गर्दै गाइने गीतहरूमा भगवती दुर्गाको स्तुति गरिएका अत्यन्त मोहक गीतहरू पनि गाइन्छन् । त्यसमा प्रत्येक दशैंमा आफ्ना खास सवारीसाथ आउने भगवतीको शृङ्गार डोलीमा सवारी र कामख्याको गन्तव्यको सजीव चित्रण गरिएका गीतहरू गाइन्छन् ।

झिझियामा स्वच्छ घैंटो किनेर त्यसलाई सफासुग्घर गरी घैंटोभरि प्वाल बनाइन्छ । घैंटोको मुखमा राखिएको ढकनामा आगो सल्काइन्छ। टाउकामा राखेर नृत्यका लागि झिझिया तयार हुन्छ। विजयादशमीको दिन पूजा पाठ, भोज र प्रसाद वितरण गरिन्छ र झिझिया लोकनृत्य विसर्जन हुने गरेको सिराहा नगरपालिका–१ की मनीषा यादवले बताइन् ।

झिझिया नृत्यको अर्को उद्देश्य बोक्सीबाट आफ्ना सन्तानको सुरक्षा गर्नु पनि रहेको कल्याणपुर नगरपालिकाकी ५५ वर्षीया लालीदेवी दासले बताइन् ।

झिझिया लोकनृत्य सिराहालगायत धनुषा, मोहत्तरी, सर्लाही, बारा, पर्सासहितका जिल्लामा नाचिन्छ । भारतीय मिथिला क्षेत्रमा पनि यो नृत्य प्रस्तुत गरिन्छ ।

[redacted] रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोनः ९८४५११९४८

# विदेशी पाहुना पाउनै मुश्किल : तीन उडानमा आठजना पर्यटक

काठमाडौं, १० असोज/रासस

"दशजना विदेशी पर्यटकको स्वागत गर्न त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा तीनवटा जहाज कुर्नुपर्‍यो, मुश्किलले



पोखरा विमानस्थलमा पहिलो उडानबाट आइपुगेका पर्यटकलाई स्वागत गर्दै गण्डकी प्रदेशका शिक्षा, संस्कृति तथा सामाजिक विकासमन्त्री मेखलाल श्रेष्ठ। तस्वीरः रासस

आठजना विदेशीलाई स्वागत गर्न पाइयो," ट्रेकिङ एजेन्सिज एशोसिएशन अफ नेपाल (टान)का अध्यक्ष नीलहरि बाँस्तोलाले भने।

नेपाल पर्यटन बोर्डको सभाहलमा विश्व पर्यटन दिवसको औपचारिक कार्यक्रममा टानका अध्यक्ष बाँस्तोलाले दिएको यो अभिव्यक्तिले पर्यटन व्यवसायीलाई झस्कायो। दिवसका अवसरमा विमानस्थलमा आउने पहिलो विदेशी पाहुनालाई स्वागत गर्न बाँस्तोलासहित पर्यटन व्यवसायीहरू गएका थिए।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सचिव सुरेश अधिकारी, मन्त्रालयका अन्य उच्च अधिकारी, पर्यटन विभाग र बोर्डका कर्मचारी एवं पर्यटन क्षेत्रका अगुवा सङ्घसंस्थाहरूको उपस्थितिमा भएको उक्त कार्यक्रममा टानका अध्यक्षको भनाइले उपस्थित सबैलाई सोचमग्न बनायो। सबैको नजर बाँस्तोलातिर मोडियो। मुख्य पर्यटकीय सिजनमा विदेशी पर्यटक आगमनको सुस्तताले पर्यटन क्षेत्रमा अझै सकस कायमै छ भन्ने छनक दिएको छ।

बिहान सबेरै विमानस्थल पुगेको व्यवसायीको टोलीले करीब चार घण्टा विमानस्थलमा पाहुना कुर्नुपरेको थियो। तीन उडानबाट क्यानडा, स्वीट्जरल्याण्ड र साउदी अरेबियाका नागरिक आएको अध्यक्ष बाँस्तोलाले बताए। "टर्किज एयरलाइन्सको उडान पछि रहेछ, शायद चाडपर्व नजीकिएर हो कि बिहान ५:३० देखि १० बजेसम्म विमानस्थलमा बस्नुपर्‍यो, तीनवटा एयरलाइन्स कुर्दा आठजना मात्रै विदेशी पाउनु भनेको पर्यटनमा गम्भीर विषय हो," बाँस्तोलाले भने। टानको अगुवाइमा बिहान विमानस्थलमा पहिलो उडानमा आउने विदेशी पर्यटकलाई स्वागत गरिएको थियो।

पर्यटन व्यवसायीसमेत रहेका बाँस्तोलाले मुख्य सिजनमैं विदेशी पर्यटक कम आउनु गम्भीर विषय भएको बताए।




तस्वीरः प्रतीक

विमानस्थलमा व्यवसायीले झेलेका समस्या सुनाउँदै बाँस्तोलाले पर्यटन सूचना केन्द्र र पर्यटक सेवा काउन्टर बसेका भवनमा अहिले कुनै निजी व्यापारीले व्यापार गरिरहेको गुनासो गरे।

विमानस्थलको आगमन कक्षमा बनाइएको भवनमा पर्यटक सूचना केन्द्रसमेत हटाउन लागिएकामा व्यवसायीको विरोध छ। बाँस्तोलाले भने, "विमानस्थलको सेवा व्यवसायी र पर्यटनमैत्री हुनुपर्छ, दिवसका दिन खादा र माला पहिर्‍याएर मात्र पर्यटन क्षेत्रले गति लिन सक्दैन अर्को वर्षका लागि नीतिगत र कार्ययोजनाका साथ अघि बढ्दा मात्रै दिवस मनाउनुको सान्दर्भिकता बढ्छ।"

यो सिजनमा उल्लेख्य सङ्ख्यामा विदेशी पर्यटक आउँछन्। सफा मौसम, दशैं, तिहार, छठलगायतका महत्त्वपूर्ण चाडपर्व पर्ने भएकाले विदेशीका साथै गैरआवासीय नेपाली पनि उत्तिकै आउँछन्। विशेषगरी पदयात्रा र पर्वतारोहणका लागि यो उपयुक्त सिजन पनि हो।

मुख्य याममा पनि विदेशी पर्यटक किन आएनन् भन्ने जिज्ञासामा होटल सङ्घ नेपाल (हान)का प्रथम उपाध्यक्ष विनायक शाहले तुलनात्मकरूपमा विदेशी पर्यटक आगमन झिनो रहेको तर पर्यटकीय सिजन भर्खरै शुरू भएको र मनसुन पनि सकिन लागेकाले पदयात्रा र पर्वतारोहणका लागि विदेशी आउने सम्भावना रहेको बताए। "विदेशीहरू फाट्टफुट्ट आएका छन्, समग्रमा २५ प्रतिशत होटल बुकिङ छ, विगतमा यो सिजनमा ७० प्रतिशतसम्म बुकिङ हुने गरेको थियो।"

'रिथिङ्किङ टुरिज्म' भन्ने नाराका साथ विश्व पर्यटन दिवस मनाइरहँदा कोभिडपछिको पर्यटनलाई कसरी चलायमान बनाउने भन्नेतर्फ सरकारी निकाय र निजी क्षेत्रका व्यवसायीलाई सोचमग्न तुल्याएको छ। पर्यटनको विद्यमान परम्परागत ढाँचालाई बदलेर नवीनतम सोच र नयाँ तौरतरीकाले पर्यटनको बजारीकरण र प्रवर्द्धन गरिनुपर्ने उनीहरूको जोड छ।

पर्यटन मन्त्रालयका सचिव अधिकारीले कोभिडपछि खस्किएको पर्यटनलाई चाँडो पुनरुत्थानका लागि पर्यटनलाई नयाँ सोच र बजार रणनीति परिवर्तन गरेर जानुको विकल्प नरहेको बताए। उनले भने, "पर्यटन प्रवर्द्धनमा रिथिङ्किङ गर्न जरुरी छ। पर्यटन व्यवसायलाई अझ फरक दृष्टिकोणबाट सञ्चालन गर्न सबै सरोकारवाला क्षेत्रको माग पनि रहेको छ, निजी क्षेत्रसँगको समन्वय र साझेदारीमा मन्त्रालयले छलफल गरेर योजना अघि बढाउनेछ।"

"नेपालको पर्यटन भनेको हिमाल, पदयात्रा, सम्पदा, अनि गन्तव्य भनेको काठमाडौं, पोखरा र लुम्बिनी मात्रै हैन यहाँका सम्भावना भएका पर्यटकीय वस्तुको पहिचान र प्रवर्द्धन गरेर पर्यटन प्रवर्द्धनको तौरतरीका बदल्न जरुरी छ," पर्यटन बोर्डका कार्यकारी प्रमुख डा धनञ्जय रेग्मीले भने।

कोभिडपछिको पर्यटनलाई नयाँपन दिएर चलायमान बनाउन दिवसको नाराले सबैमा नयाँ सोच दिन प्रेरित गर्ने बताए। सोही अनुरूप बोर्डले अन्तर्राष्ट्रिय बजारीकरण नयाँ ढङ्गले अघि बढाउने नीति लिएको उनले जानकारी दिए।

कोभिड महामारीले पछिल्ला दुई वर्षमा उल्लेख्य सङ्ख्यामा पर्यटक आउन सकेनन्। पर्यटन बोर्डको तथ्याङ्क अनुसार सन् २०२१ मा दुई लाख ३० हजार ८५ विदेशी पर्यटक नेपाल आएका थिए। कोभिडपूर्व अर्थात् सन् २०१८ र सन् २०१९ मा समान १२ लाख हाराहारी विदेशी पर्यटक नेपाल भित्रिएका थिए। पछिल्लो सन् २०२२ को आठ महीनामा तीन लाख बढी विदेशी पर्यटक नेपाल भ्रमणमा आएका छन्।

**भारतीय पाहुनालाई सीमामैं स्वागत**

विश्व पर्यटन दिवसका अवसरमा नेपाल होटल तथा पर्यटन व्यवसायी सङ्घ, महोत्तरीले नेपाल भित्रिने भारतीय पर्यटकलाई सीमानाकामैं स्वागत गरेको छ।

आज ४३औं विश्व पर्यटन दिवसका अवसरमा सङ्घका पदाधिकारीले जिल्लाको भारतीय सीमावर्ती प्रवेश नाका भिठ्ठामोरमा नेपाल भित्रिने यात्रीलाई फूलमाला लगाइ मिठाइ खुवाएर स्वागत गरेका हुन्। जिल्लाका नेपाल-भारत दोहोरो आवागमनका नाकाहरू सम्सी र मटिहानीमा पनि भारतीय पाहुनालाई स्वागत गरिएको थियो।

दिवसका अवसरमा सङ्घले जिल्लाभित्रका सबै होटल तथा लजमा विशेष छुटसहितको सेवा घोषणा गरेको छ। सेप्टेम्बर २५, २६ र २७ का लागि खानेपिउने कुरामा १५ र आवासमा २५ प्रतिशत छुट दिइने सङ्घका जिल्ला अध्यक्ष सुदीप कार्कीले जानकारी दिए। यो सेवा जिल्लाका सबै होटल तथा लजले दिइरहेका छन्। सबै ग्राहकका लागि यो सुविधा दिइएको सङ्घले जनाएको छ।

दिवसका अवसरमा आज बर्दिबासमा पञ्चेबाजासहितको विभिन्न भेषभूषाको सांस्कृतिक र्‍याली आयोजना गरिएको थियो।

र्‍यालीमा होटल व्यवसायी, उद्यमी, व्यापारी, सामाजिक सङ्घसंस्थाका प्रतिनिधि, स्थानीय जनप्रतिनिधि, नेपाल प्रहरी र स्थानीय सर्वसाधारणको सहभागिता थियो। सङ्घले आजै बर्दिबास हटियाचोकमा नगर सरसफाइ कार्यक्रम पनि सम्पन्न गरेको छ।




**मोटर चोरीः** वीरगंज महानगरपालिका-१३ ललन पटेलको घरबाट गएराति १ बजे पानी तान्ने मोटर चोरी भएको छ। मोटर चोरी गर्ने व्यक्तिको तस्वीर सिसिटिभीमा कैद भएकोले चोरको खोजी भइरहेको वडा प्रहरी कार्यालय श्रीपुरले जनाएको छ। तस्वीरः सौजन्य

# नौरथा लागेपछि नेप्से परिसूचकमा सुधार

काठमाडौं, ११ असोज/रासस

धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक मङ्गलवार भने दोहोरो अङ्कले उकालो लागेको छ। नेपाल स्टक एक्सचेन्जका अनुसार नेप्से




परिसूचक १५ दशमलव ९२ अङ्कले उकालो लागेर एक हजार ८३१ दशमलव शून्य पाँचमा पुगेको छ।

यस्तै, ठूला कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक दुई दशमलव ५४ अङ्कले उकालो लागेर ३५८ दशमलव १४ मा पुगेको छ।

यस्तै, कुल २२९ कम्पनीका २१ लाख सात हजार ७४२ कित्ता शेयर रु ६६ करोड ३० लाख १३ हजार मूल्यमा कारोबार भए। कारोबार भएका कुल १३ उपसमूहमध्ये ११ उपसमूहको शेयर मूल्य उकालो लागेको छ भने दुई उपसमूहको शेयर मूल्यमा भने गिरावट आएको छ।

नेप्सेका अनुसार कारोबार भएकामध्ये रिडी पावर कम्पनी शीर्ष स्थानमा छ। सो कम्पनीको रु दुई करोड ८५ लाख ३१ हजार ४४७ बराबरको कारोबार भयो। नबिल बैंक रु दुई करोड ६१ लाख ६८ हजार ११७, सानिमामाई हाइड्रोपावर रु दुई करोड २६ लाख १९ हजार ५८९, नेस्डो समृद्धि लघुवित्त रु दुई करोड १८ लाख ४० हजार ६५० र हिमालयन डिस्टिलरी रु एक करोड ७९ लाख ९८ हजार बराबरको कारोबार भई शीर्ष पाँचभित्र पर्न सफल भएका छन्।

नेप्सेका अनुसार सामुदायिक लघुवित्त नौ दशमलव ९७, अभियान लघुवित्त छ दशमलव शून्य सात, अप्पर हेवा खोला हाइड्रोपावर कम्पनी छ दशमलव शून्य तीन, हिमालयन पावर पार्टनर पाँच दशमलव ९९ र माउन्टेन इनर्जी नेपालका लगानीकर्ताले पाँच दशमलव ७१ प्रतिशतले कमाएका छन्।

त्यस्तै, गरिमा विकास बैंकको ऋणपत्र १०, एभरेस्ट बैंकको ऋणपत्र पाँच दशमलव ८८, समालिङ पावर चार दशमलव ६८, बेस्ट फाइनान्स कम्पनी तीन दशमलव ६४ र रुरु जलविद्युत् परियोजनाका लगानीकर्ताले तीन दशमलव ४२ प्रतिशतले गुमाएका छन्।

# महोत्तरीमा तीन लाख ९७ हजार मतदाता

जलेश्वर, ११ असोज/रासस

आसन्न प्रतिनिधि तथा प्रदेशसभा निर्वाचनका लागि महोत्तरी जिल्लामा तीन




तस्वीरः फाइल

लाख ९७ हजार मतदाता कायम भएका छन्।

जिल्ला निर्वाचन कार्यालयका प्रमुख सुबोधकुमार महतोका अनुसार चारवटा प्रतिनिधिसभा तथा आठवटा प्रदेशसभा निर्वाचन क्षेत्र रहेको महोत्तरीमा आसन्न निर्वाचनका लागि तीन लाख ९७ हजार ३० मतदाता कायम भएका छन्। उनले जिल्लामा दुई लाख १५ हजार १३१ पुरुष, एक लाख ८१ हजार ८९८ महिला र एकजना अन्य गरी तीन लाख ९७ हजार ३० मतदाता कायम भएको जानकारी दिए।

जिल्लाको निर्वाचन क्षेत्र नं १ मा ९८ हजार ४९७ मतदाता कायम भएका छन्। त्यस्तै, २ नं निर्वाचन क्षेत्रमा ९९ हजार ७०० मतदाता कायम भएका छन्।

त्यसैगरी, ३ नं निर्वाचन क्षेत्रमा ९९ हजार ९३० मतदाता र ४ नं निर्वाचन क्षेत्रमा ९८ हजार ८९६ मतदाता कायम भएको जिल्ला निर्वाचन अधिकारी महतोले बताए।

यसअघि गत वैशाख ३० गते भएको स्थानीय तहको निर्वाचनमा महोत्तरीमा तीन लाख ९१ हजार ५७७ मतदाता रहेका थिए भने अहिले सो सङ्ख्या पाँच हजार ४५३ ले बढेको जिल्ला निर्वाचन कार्यालयले जनाएको छ।



पाकिसकेको धानबाली भित्र्याउन भ्याइनभ्याइ छ बारा, कोल्हवी नगरपालिकाका कृषकलाई। वनजङ्गल मासिने क्रम बढेसँगै जरुवा, मूल मुहान र सिमसार क्षेत्र सुक्ने क्रम बढेपछि पानीको स्रोत दिन प्रतिदिन घट्दो छ। जसको सीधा असर कृषि क्षेत्रमा पर्ने गरेको छ। तस्वीरः जीतलाल श्रेष्ठ

# आकाशियो अमेरिकी डलरको भाउ, बजारमा कस्तो पर्ला प्रभाव

काठमाडौं, ११ असोज ⁄ रासस

एक अमेरिकी डलर खरीद गर्न मङ्गलवार १३० रुपियाँ ३० पैसा तिर्नुपर्छ । यस्तै, बिक्रीदर १३० रुपियाँ ९० पैसा तोकिएको छ । यो हालसम्मकै बढी हो ।

लगातार उकालो लाग्दै अमेरिकी डलरको भाउ नयाँ बिन्दुमा पुग्दा त्यसबाट अर्थतन्त्रका समग्र क्षेत्रमा प्रभाव पर्न जान्छ । आयातमुखी अर्थतन्त्र भएको नेपालमा डलरको मूल्य बढ्दा त्यसले महँगी बढाउने र जनजीवन प्रभावित पार्ने छ । नेपाली रुपियाँको भारतीय रुपियाँसँग स्थिर विनिमय दर रहेको छ । अमेरिकी डलरको तुलनामा भारतीय रुपियाँ खस्किँदा त्यसको प्रभाव नेपाली रुपियाँमा पनि परेको हो ।

रसिया र युक्रेन युद्धका कारण संसारभरकै अर्थतन्त्रमा चाप परेको तथा अमेरिकाको फेडरल रिजर्भले अगाडि सारेको नीतिका कारण पनि विश्वभर नै डलर बलियो बन्दै गएको छ । अर्थशास्त्री डा चन्द्रमणि अधिकारीका अनुसार अमेरिकी डलरको मूल्यमा भएको लगातारको वृद्धिले मुलुकको अर्थतन्त्रमा नकारात्मक प्रभाव पार्नेछ ।

नेपाल आयातमुखी अर्थतन्त्रमा आधारित देश भएकोले पनि डलरको मूल्य बढ्दा त्यसले मालवस्तुको आयातमा बढी मूल्य तिर्नुपर्ने अवस्थाको सिर्जना गरिदिएको छ । निर्यातको मात्रा ३० प्रतिशतभन्दा माथि रहेको भए डलरको मूल्य बढ्दा त्यसले सकारात्मक प्रभाव पार्ने भएपनि नेपालको अवस्था त्यस्तो नभएकाले समस्या नै उत्पन्न गर्ने डा अधिकारीको भनाइ छ । उनले विप्रेषण आप्रवाहमा केही सकारात्मक प्रभाव पर्ने भएपनि पेट्रोलियम पदार्थको आयातका



लागि गर्नुपर्ने खर्च तथा विभिन्न आयोजनाका लागि आयात गर्नुपर्ने उपकरण, परामर्शदातालाई तिर्नुपर्ने रकम तथा अन्य मालवस्तुको खरीदमा बढी पैसा भुक्तानी गर्नुपर्ने भएकाले डलरको मूल्यमा हुने वृद्धिले समस्या पार्न सक्ने बताए ।

अमेरिकी डलरको मूल्यवृद्धि हुँदा विदेशबाट आउने विप्रेषण आप्रवाहमा केही सकारात्मक प्रभाव पर्न सक्छ । चाडपर्वको समयमा बढी विप्रेषण भित्रने गर्छ । तर विप्रेषण बढी भित्रिए पनि तिनका परिवारले विदेशबाट नै आयात गरिएका मालवस्तुको खरीद गर्दा देशभित्र पैसा रहने अवस्था भने कम नै हुने उनको भनाइ छ । पर्यटक बढी आएको भए डलरको मूल्यवृद्धिले सकारात्मक नै प्रभाव पार्ने थियो भन्छन् डा अधिकारी ।

नेपाली मुद्रा सस्तो हुँदा डलर खर्च गर्ने पर्यटकलाई यहाँ आउन खर्चको हिसाबले थप प्रोत्साहन मिल्ने र नेपालको अर्थतन्त्रको उन्नयनमा साथ मिल्ने थियो । डलरको मूल्य बढ्ने बित्तिकै विदेशी मुद्रा खर्च गरेर गरिने आयातको मूल्य स्वतः बढ्न जान्छ । व्यापार घाटा बढ्दै जाँदा चालू तथा शोधान्तरमा समेत प्रभाव पर्न जाने डा अधिकारीको भनाइ छ । यसबाट मुलुकभित्र रहेको विदेशी मुद्राको भण्डारणमा समेत चाप पर्न जान्छ ।

डलरको मूल्यमा वृद्धि हुँदा बजारमा महँगीको मात्रामा वृद्धि हुन जान्छ । पेट्रोलियम पदार्थदेखि खाद्यान्नसम्मको आयात हुने हुँदा त्यसको प्रभाव बजारमा पर्न जान्छ । विदेशमा अध्ययन गर्न गएका विद्यार्थीलाई नकारात्मक प्रभाव पर्न जान्छ ।

नेपालले विदेशी दातृ निकायसँग लिएको ऋणको परिमाण पनि डलरको मूल्यवृद्धिले थप बढोत्तरी हुन जान्छ । विदेशी ऋणको साँवा र ब्याज भुक्तानीका लागि सरकारले तय गरेको वित्तीय व्यवस्थामा यसको प्रभाव पर्न जान्छ र रकमको अभाव हुन जान्छ । नेपाली मुद्रा र भारतीय मुद्राका बीचमा स्थिर विनिमय दर भएकाले भारतमा हुने मूल्यवृद्धिको चाप नेपालमा पर्न जान्छ । किनकि नेपालको सबैभन्दा बढी व्यापार भारतसँग नै हुने गरेको छ । चालू आवको पहिलो महीनामा नै बिन्दुगत उपभोक्ता मुद्रास्फीति आठ दशमलव २६ प्रतिशत छ ।

वैदेशिकतर्फ चालू आवको पहिलो महीनामा कुल वस्तु निर्यात २८ दशमलव सात प्रतिशतले कमी आई रु १४ अर्ब ८१ करोड कायम छ । सो महीनामा रु एक खर्ब ३१ अर्ब २९ करोड बराबरको वस्तु आयात भएको छ । सो महीनामा कुल व्यापार घाटा रु एक खर्ब १६ अर्ब ४८ करोड बराबर छ । नेपाल राष्ट्र बैंकको पछिल्लो विवरण अनुसार देशभित्र कुल विदेशी सञ्चिति नौ अर्ब ४२ करोड अमेरिकी डलर छ । चालू खातातर्फ रु १६ अर्ब २६ करोडले घाटा छ । शोधनान्तर स्थिति रु २२ अर्ब ६३ करोडले घाटामा छ ।

# मधेसमा ओलबाटै पर्व र गुजारा टार्ने सुरमा किसान

महोत्तरी, ११ असोज ⁄ रासस

मधेसमा ओल (माटोमुनि फल्ने मधेसको खास तरकारीबाली) उत्पादन गरेर किसानले गुजारा गर्दै आएका छन् । किसान सन्तुलित वर्षा नहुँदा अपेक्षित धानखेती लाउन नपाएका किसानलाई यसपालि दशैं खर्च र त्यसपछिको गुजारा ओलबाटै गर्ने ध्याउन्न छ ।

अल्प वर्षाले मुख्यबाली धानखेती लाउन नपाएपछि ओलकै आम्दानीले वर्ष गुजार्नुपर्ने किसान बताउँछन् । जिल्लाका सुदूर उत्तरवर्ती बर्दिबास, भङ्गाहा, गौशाला र औरही नगरपालिका क्षेत्रमा व्यावसायिकरूपमै ओलखेती हुँदै आएको छ । त्यसैगरी, सुदूर दक्षिणपूर्वी मटिहानीका बस्ती पनि तरकारीखेतीको पकेट क्षेत्र मानिँदै आएको छ ।

ओल थोरै सिंचाइमा पनि हुने र अन्य तरकारीबालीभन्दा चोटिलो वर्षा खेप्न सक्ने भएको हुँदा यो तरकारीबाली किसानको रोजाइमा पर्ने गरेको छ । थोरै लगानी र कम मिहिनेतमै अपेक्षित उत्पादन लिन सकिएपछि यसको व्यावसायिक खेतीतर्फ किसानमा आकर्षण बढेको हो । अहिले जिल्लाका बजारमा नयाँ उत्पादित ओलको बजार जम्दैछ । मधेसमै उम्दा तरकारी मानिने ओल खनेको धेरै समयसम्म नबिग्रने र बजार भाउ विचार गरेर बेच्न पाउने भएपछि यो किसानको रोजाइमा पर्ने गरेको हो ।

सिंचाइको स्थायी उपाय (सधैंभरि कुलो नहर लाग्ने) नभएको र माटो पनि



दोरस (बालु माटो सरावरी) भएको हुँदा जिल्लाको उत्तरी क्षेत्रका किसान अन्नबालीभन्दा फलफूल र तरकारी खेतीमा रम्ने गरेका छन् । तरकारी बालीमध्ये पनि अरूभन्दा घामपानी खप्न सक्ने र उत्पादन घरमै लामो समयसम्म भण्डारण गर्न सकिने भएको हुँदा ओल सजिलो र आम्दानीको दृष्टिले भरपर्दो खेती भएको बर्दिबास–९ पशुपतिनगरका महेन्द्र महतो बताउँछन् ।

"यसपालि बन्दागोभी, भन्टा, खुर्सानी र रामतोरईका बोट तथा अरू लहरे तरकारीका बेला (लहरा) राम्ररी हुर्कन बढ्न सकेनन्," उनले भने, "धन्न ओलले गुजारा चलाउँछ कि भन्ने आस बाँकी छ ।" दशैं, दीपावली (तिहार) र छठ पर्वको मुखमा नगद खर्चको मेसो ओलमै अडेको महतोको भनाइ छ ।

जिल्लाको उत्तरी क्षेत्रका यी चार नगरक्षेत्र र सुदूर दक्षिणपूर्वी मटिहानी नगरपालिकाका बस्तीमा ओलखेती बाक्लो लगाइन्छ । प्रतिकट्ठा १०⁄१२ क्विन्टल उत्पादन हुने ओल खनेर निकालेपछि पनि महीनौं नबिग्रने हुँदा फुर्सद र भाउ बुझेर बजार लैजान पाइने किसान बताउँछन् । जिल्लामा अहिले करीब तीन सय बिघा हाराहारी क्षेत्रफलमा ओलखेती रहेको छ ।

खासमा गौशाला र भङ्गाहा नगरक्षेत्रका धेरैजसो किसानले मुख्य खेती नै ओललाई बनाएका छन् । ओलखेतीबाटै आफूले बर्सेनि रु दुई लाखभन्दा बढी आम्दानी लिने गरेको गौशाला नगरपालिकाको लक्ष्मीनियाँ बस्तीका अरुण कुशवाहा बताउँछन् । "यो हाम्रो नगदको जोहो मात्र हैन, घरगुजाराको सबै थोक हो," उनी भन्छन्, "चामल, पीठो, मरमसला सबैकुरा ओल बेचेर लिन्छौं ।" स्वास्थ्यको दृष्टिकोणले अति नै लाभदायक र निकै स्वादिलो हुने ओल सामान्यतया सबैको रोजाइमा पर्ने

(बाँकी अन्तिम पातामा)



निजगढ राजमार्गमा महीनौंदेखि बन्द रहेको सिसिटिभी क्यामरा मर्मतसम्भारपछि सुचारु भएको छ । क्यामरा सुचारु भएपछि राजमार्ग सुरक्षाका गतिविधि प्रहरीले कार्यालयबाटै हेर्न सक्नेछन् । सवारीसाधन दुर्घटनालगायत विभिन्न गतिविधिलाई नियाल्दै सहजै सुरक्षाकर्मी खटाउन थप सहयोग पुग्नेछ । तस्वीरः जीतलाल श्रेष्ठ

## फरक समाचार

# एकै व्यक्तिलाई दुईपटक हुन सक्छ डेङ्गु

वर्षाको समयमा डेङ्गु हुने सम्भावना बढ्छ । डेङ्गु एउटा यस्तो स्वास्थ्य समस्या हो, जसमा व्यक्तिले आफूलाई निकै कमजोर महसुस गर्छ । जब डेङ्गु






ज्वरो हुन्छ, तब उसको शरीरमा प्लेटलेटको स्तर खस्किन थाल्छ । डेङ्गु लागेपछि टाउको दुख्ने, आँखा, मांसपेशी, हाडजोर्नी दुख्ने गर्छ । डेङ्गु ज्वरो दुईदेखि सात दिनसम्म रहन्छ । त्यसपछि मान्छे स्वतः निको हुन थाल्छ । भनिन्छ, एकपटक डेङ्गु लागेपछि दोस्रोपटक डेङ्गु लाग्न सक्दैन तर चिकित्सकका अनुसार एकै व्यक्तिलाई दुईपटक पनि डेङ्गु हुन सक्छ ।

पुनः डेङ्गु त्यति बेला हुन्छ, जब व्यक्ति कुनै रोगबाट पीडित हुन्छ र जब ठीक हुन्छ, उसको शरीरमा एन्टिबडी बन्छ । जसको अर्थ हो कि उसको शरीरमा त्यस रोगप्रति प्रतिरोधक क्षमता मजबुत हुन्छ । जसले गर्दा मानिसलाई पुनः डेङ्गु हुने सम्भावना कम हुन्छ । तर एकपटक डेङ्गु भएपछि पुनः मानिसलाई डेङ्गु हुन सक्छ । किनभने वर्तमानमा डेङ्गुका चार अलग–अलग प्रकार छन् । यही कारण हो कि मानिसलाई डेङ्गुका दुई वा दुईभन्दा बढी विभिन्न प्रकारका डेङ्गु हुने सम्भावना रहन्छ ।

दोस्रोपटक डेङ्गु भाइरसबाट सङ्क्रमित भएपछि ज्वरोको साथसाथै भित्री रक्तस्राव पनि हुन सक्छ, यसबाट कलेजो क्षतिग्रस्त हुन्छ । मूलरूपले डेङ्गु ज्वरो उत्पन्न गर्ने भाइरस चार स्ट्रेनमा हुन्छन् र एउटाको इम्युनिटी दोस्रो स्ट्रेनबाट हुने सङ्क्रमणलाई झनै खतरनाक बनाउँछ । जब एकै व्यक्ति दोस्रोपटक डेङ्गुबाट सङ्क्रमित हुन्छ, तब उसको मृत्यु हुने सम्भावना निकै बढ्छ । पहिलोपटक जब कोही व्यक्ति डेङ्गुबाट पीडित हुन्छ भने त्यस व्यक्तिको शरीरले भाइरसको त्यस स्ट्रेनप्रति प्रतिरोधक क्षमता विकसित गर्छ । यद्यपि समयको साथ प्रतिरोधक क्षमता कम हुँदै जान्छ ।

# नासाले ठूलो सफलता पायो

अमेरिकी स्पेस एजेन्सी नासाले ठूलो सफलता पाएको छ । नासाको एयरक्राफ्ट २२,६०० किलोमिटर प्रतिघण्टाको गतिले एस्टेरोयडसँग ठोक्किएको छ । एजेन्सीको यस कदममा पृथ्वीतर्फ बढिरहेको सुपर भिलेन डिडिमोस एस्टेरोयडलाई रोक्नमा सफलता पाएको छ । जुन समय एस्टेरोयड नासाको स्पेसक्राफ्टसँग ठोक्किएको



थियो, त्यस समय त्यसको गति ६.६ किलोमिटर प्रतिसेकेन्डको करीब थियो ।

यो घटना नासाको डार्ट मिशनको अङ्ग हो । जसलाई नासाले शुरू गरेको थियो । डार्ट मिशनको पूरा नाम– डबल एस्टेरोयड रिडाइरेक्शन टेस्ट हो । डार्ट मिशनको सुरुआत गत वर्षको नोभेम्बरमा भएको थियो । यस मिशनको लक्ष्य अन्तरिक्षबाट धर्तीतर्फ आइरहेको एस्टेरोयडलाई रोक्नु हो । यस प्रकार एस्टेरोयडलाई रोक्नको लागि नासाले आफ्नो अन्तरिक्ष यानलाई मिशनको हिस्सा बनाएको छ । जुन एस्टेरोयडतर्फ २४ हजार किलोमिटर प्रतिघण्टाको गतिले अगाडि बढ्छ र त्यससँग ठोक्किन्छ । यस पूरै प्रक्रियालाई नासाले प्लेनेटी डिफेन्स बताएको छ । गत मङ्गलवार जुन घटना भयो, त्यो यसैं डार्ट मिशनको हिस्सा थियो ।

नासाका प्लेनेटी डिफेन्स अफिसर लिन्डसे जोन्सनका अनुसार हाम्रो कोशिश छ कि यस्तो प्रविधि विकसित गर्ने जुन धर्तीतर्फ हुने खतरालाई रोक्न सकोस् । कुनै एस्टेरोयडले धर्तीलाई नोक्सान पुऱ्याउन नसकोस् । यसको अलावा हामी बढीभन्दा बढी आफ्नो क्षमताको प्रयोग गर्न सकौं ।

जोन्सनका अनुसार यस्तो घटना रोक्नको लागि पठाइने एयरक्राफ्टमा मिनिएचर क्यामरा लगाइएको हुन्छ, जसले त्यस घटनाको फोटो खिच्छ । यो घटनाभन्दा पहिले त्यहाँको वातावरणको बारेमा वैज्ञानिकलाई जानकारी गराउँछ । एस्टेरोयडलाई धर्तीमा खस्नुभन्दा पहिले त्यसलाई रोक्छ । नासाले पूरै डार्ट मिशनमा २५ सय करोड खर्च भएको बताएको छ ।

नासाको अनुसार अन्तरिक्षमा जुन एस्टेरोयड चक्कर काटिरहेको थियो, त्यो १६० मिटर चौडाइको थियो । भनिन्छ, करोडौं वर्ष पहिले धर्तीमाट निकै विशाल एस्टेरोयड ठोक्किएको थियो, जसले गर्दा डायनासोर समाप्त भयो । वर्तमानमा २५ हजार एस्टेरोयड छन्, जुन धर्तीको नजीक आउँछन् । अब नासालाई लाग्छ कि अन्तरिक्षमा मौजुद एस्टेरोयड धर्तीसँग पुनः नठोक्कियोस् यसैले कोशिश गरिँदैछ ।

गत मङ्गलवार हिन्द महासागरको माथि करीब ७० लाख मिल (९६ लाख किलोमिटर) टाढा एस्टेरोयड आउने घटना भएको थियो, जहाँ डार्ट स्पेस यानले २२ हजार ५०० किलोमिटर प्रतिघण्टाको गतिले आइरहेको एस्टेरोयडलाई टक्कर मारेको थियो । वैज्ञानिकलाई यस टक्करबाट त्यहाँ एउटा खाल्डो भएकोलगायत थुप्रै बदलावको आशा थियो । तर यसबारेमा जानकारी भेटिएको छैन । किनभने डार्टको रेडियो सिग्नल अचानक बन्द भयो । टक्करपछि एस्टेरोयड अब कुन दिशामा गएको छ, त्यसको स्थिति कस्तो छ, यसबारेमा आगामी दिनमा जानकारी पाइने नासाले जनाएको छ । प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

## अन्तर्राष्ट्रिय समाचार

# बङ्गलादेशमा डुङ्गा पल्टिंदा मृत्यु हुनेको सङ्ख्या ५१ पुग्यो

ढाका, ११ असोज/सिन्ह्वा

बङ्गलादेशमा गत आइतवार एउटा डुङ्गा पल्टिंदा मृत्यु हुने यात्रीको सङ्ख्या कम्तीमा पनि ५१ पुगेको समाचारमा जनाइएको छ।

बङ्गलादेशको राजधानी ढाकाबाट ४६८ किलोमिटर उत्तरतर्फ पर्ने पञ्चगढ जिल्लाको करातोया नदीमा आइतवार दिउँसो डुङ्गा पल्टिएको थियो।

त्यसमा परी मृत्यु हुनेको सङ्ख्या प्रतिदिन बढ्दै गएको बताइएको छ। यहाँका अधिकारीहरूले डुङ्गा दुर्घटनामा परी हराएका व्यक्तिको शव भेटिने क्रम जारी रहेको बताएका छन्।

अधिकारीहरूले सोमवार रातिसम्म थप व्यक्तिको शव भेटिएको र अहिलेसम्म भेटिएको र सोमवार रातिसम्म ५१ जनाको मृत्यु भएको जानकारी दिएका



डुङ्गा पल्टिएको दुर्घटनास्थलमा एकत्रित स्थानीय। तस्वीरः एएफपी

मृत्यु हुनेको सङ्ख्या ५१ जना पुगेको बताएका छन्।

स्थानीय सञ्चारमाध्यमहरूले सो डुङ्गा दुर्घटनामा परी आइतवार १६ जनाको मृत्यु भएको जनाएका थिए। दुर्घटनामा हराएका व्यक्तिको शव भेटिंदै गएको छ।

पञ्जगढ जिल्लाका प्रहरी सुपरिन्टेन्डेन्ट एसएम सिराजुद हुडाले केही व्यक्ति हराइरहेका र उनीहरूको खोजी कार्य जारी रहेको बताउँदै सोमवार रातिसम्म बेपत्तामध्ये थपको शव थिए।

सो डुङ्गामा एक सय जनाजति यात्रु रहेको बताइएको थियो। अहिले पनि डुङ्गामा रहेका केही व्यक्ति हराइरहेका र उनीहरूको खोजी कार्य जारी रहेको ती प्रहरी प्रमुखले जानकारी दिएका छन्।

प्रहरीले डुङ्गाको क्षमताभन्दा बढी व्यक्ति चढेकाले बढी भार भएर सो दुर्घटना भएको बताएको छ। बङ्गलादेशमा यसरी क्षमताभन्दा बढी व्यक्ति बोक्दा डुङ्गा दुर्घटना हुने गरेका समाचारहरू आइरहन्छन्। रासस

# बाढीपछि पाकिस्तानमा डेङ्गुको सङ्क्रमण बढ्दै

इस्लामाबाद, ११ असोज/सिन्ह्वा

यस वर्षको मनसुनी वर्षामा आएको बाढीबाट ठूलो क्षति पुगेको पाकिस्तानमा पछिल्ला केही हप्ता यतादेखि डेङ्गुको प्रकोप थप बढेको छ। पाकिस्तानका स्वास्थ्य अधिकारीहरूले जनाए अनुसार यहाँका बाढी प्रभावित क्षेत्रमा डेङ्गुको प्रकोप बढेको र यसबाट मृत्यु हुनेहरूको सङ्ख्या पनि प्रतिदिन बढ्दै गएको छ।

यस अघि मनसुनी वर्षा र बाढीबाट सबैभन्दा बढी प्रभावित देखिएका क्षेत्रमध्ये एक सिन्ध प्रान्तमा डेङ्गुबाट बढी प्रभावित देखिएको छ। यस प्रान्तमा डेङ्गुको ज्वरो बढेको र धेरै मानिस अस्पताल भर्ना भएका बताइएको छ।

यस प्रान्तमा मात्र डेङ्गुको प्रकोपबाट गएको २४ घण्टा यतामात्र करीब ४०० जना सङ्क्रमित भएका छन्। त्यसपछिको सबैभन्दा बढी प्रभावित प्रान्त कराँचीमा पनि गएको २४ घण्टा यता यो सङ्क्रमणबाट कम्तीमा पनि ३३० जना सङ्क्रमित भएका बताइएको छ।

सिन्ध प्रान्तको प्रान्तीय स्वास्थ्य विभागका प्रमुखले सिन्ध र कराँचीमा डेङ्गुका कारण सङ्क्रमित मात्र नभएर मृत्यु हुनेहरूको सङ्ख्या पनि बढ्दै गएको बताएका छन्। यस वर्षको मनसुनी वर्षाबाट सबैभन्दा बढी प्रभावित भएका यी प्रान्तमा बाढीका कारण बढेको फोहर र अन्य कारणले गर्दा यहाँ डेङ्गुको ज्वरोको प्रकोप बढेको बताइएको छ।

यहाँ अहिलेसम्म आठ हजारभन्दा बढीमा यो प्रकोप देखिएको सिन्ध प्रान्तका स्वास्थ्य विभागका प्रमुखले जानकारी दिएका छन्। पाकिस्तानमा यस वर्षको मनसुनबाट प्रभावित अर्को प्रान्त खैबर पाक्थुन्क्वा हो र यहाँ पनि डेङ्गुको प्रकोप बढ्दो देखिएको छ। यहाँ पनि यस वर्ष मात्र कम्तीमा छ हजारजनामा यो सङ्क्रमण देखिएको खैबरको स्वास्थ्य विभागका प्रमुखले जानकारी दिएका छन्।

**पाकिस्तानमा मनसुनी वर्षा र बाढीको कारण १६ सयभन्दा बढीको मृत्यु**

इस्लामाबाद/सिन्ह्वा

पाकिस्तानमा यस वर्षको मनसुनी वर्षा र बाढीका कारण मृत्यु हुनेको सङ्ख्या १६ हजार ३८ पुगेको छ। यस प्रकोपमा परी पाकिस्तानमा १२ हजार ८६५ जना घाइते भएका राष्ट्रिय प्रकोप व्यवस्थापन प्राधिकरण (एनडिएमए)ले सोमवार राति जनाएको छ।

एनडिएमएले जारी गरेको प्रतिवेदन अनुसार देशमा छुट्टाछुट्टै वर्षा वा बाढीसम्बन्धी दुर्घटनामा ज्यान गुमाउनेमा ५८८ बालबालिका र ३३२ महिला रहेका छन्।

देशको दक्षिणी प्रान्त सिन्ध यस प्रकोपबाट सबैभन्दा प्रभावित भएको जनाइएको छ। सिन्ध प्रान्तमा यस प्रकोपमा परी ७४७ जनाको मृत्यु भएको छ।

त्यसपछि दक्षिणपश्चिम बलुचिस्तान र उत्तरपश्चिम खैबर पख्तुनख्वा प्रान्तमा क्रमशः ३२३ र ३०६ जनाको मृत्यु भएको छ।

यसबाहेक पाकिस्तानका विभिन्न भागमा २० लाख ४९ हजार ५३२ घर ध्वस्त भएका छन्। एघार लाख २० हजार २६१ पशुधनको मृत्यु भएको प्रतिवेदनले जनाएको छ।

बाढीबाट करीब तीन करोड ३० लाख ४६ हजार ३२९ मानिस र ८४ जिल्ला प्रभावित भएका छन्। यस वर्ष जारी रहेको यस प्रकोपमा परी १३ हजार ७४ किलोमिटर लामो सडक र ४१० वटा पुलमा क्षति पुगेको प्रतिवेदनमा उल्लेख छ। रासस

# दक्षिण कोरियामा ३९ हजारभन्दा बढी सङ्क्रमित

सोल, ११ असोज/सिन्ह्वा

दक्षिण कोरियामा कोरोना भाइरसबाट थप ३९ हजारभन्दा बढी मानिस सङ्क्रमित भएका छन्। सरकारी अधिकारीहरूले मङ्गलवार दिएको जानकारी अनुसार पछिल्लो एक दिनमा थप ३९ हजार ४२५ जना सङ्क्रमित भएका छन्। योसँगै दक्षिण कोरियामा अहिलेसम्म कुल सङ्क्रमितको सङ्ख्या दुई करोड ४६ लाख ७३ हजार ६६३ पुगेको स्वास्थ्य अधिकारीहरूको भनाइ छ

दैनिक सङ्क्रमितको सङ्ख्या एक दिनअघिको तुलनामा बढेको देखिएको छ। अघिल्लो दिन १४ हजार १६८ जना सङ्क्रमित भएका थिए। अघिल्लो हप्ता औसतमा दैनिक सङ्क्रमण सङ्ख्या ३० हजार ३०३ थियो।

अहिले सङ्क्रमित अवस्थामैं रहेकामध्ये ४०१ जना गम्भीर अवस्थामा छन्। यो सङ्ख्या भने अघिल्लो दिनको भन्दा २६ कम हो। दक्षिण कोरियामा कोरोनाका कारण पछिल्लो एक दिनमा २६ जनाको मृत्यु भएको छ। योसँगै कोरियामा कोरानाका कारण कुल मृतकको सङ्ख्या २८ हजार २७२ पुगेको छ। विश्वका धेरै देशमा कोरोना भाइरसको महामारी अत्यन्त न्यून भइसक्दासमेत दक्षिण कोरियामा भने फैलिइरहेको छ। महामारी शुरू भएका बेला राम्ररी महामारी नियन्त्रण गरेको दक्षिण कोरिया पूर्णरूपमा कोरोना नियन्त्रण गर्न असफल भएको छ। रासस

### आजको राशिफल

| | |
|---|---|
| मेष – यात्रालाभ | वृष – कडाश्रम |
| मिथुन – ज्ञानोदय | कर्कट – उदरपीडा |
| सिंह – विजय | कन्या – धनलाभ |
| तुला – भाग्योदय | वृश्चिक – बेचैनी |
| धनु – मनोरञ्जन | मकर – कर्मप्राप्ति |
| कुम्भ – प्रगति | मीन – रोगभय |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया


### रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसो: ३:४० बजे


# निर्वाचन आचारसंहिता कार्यान्वयन आयोगको निर्देशन

काठमाडौं, १० असोज/रासस

निर्वाचन आयोगले निर्वाचन आचारसंहिता, २०७९ को सम्पूर्ण व्यवस्था कर्मचारी, राजनीतिक दल तथा राजनीतिक दलको भ्रातृ सङ्गठन, उम्मेदवार तथा सम्बन्धित व्यक्ति, तथा वित्तीय संस्था, सहकारी संस्था, व्यापारिक तथा औद्योगिक क्षेत्रका पदाधिकारी, कर्मचारी तथा कामदार,

## दल र उम्मेदवारको खर्चको सीमा तोकिंदै




तस्वीरः फाइल

निर्वाचन आयोगले प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनमा उम्मेदवार र दलहरूले खर्च गर्न पाउने अधिकतम सीमा तोक्ने गृहकार्य गरेको छ। उक्त खर्चको हद तोक्ने सम्बन्धमा मङ्गलवार आयोगले राजनीतिक दलसँग परामर्श लिएको छ।

प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले विसं २०७४ को प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनमा तोकिएको खर्चको हद बढाउनुपर्ने, फरक-फरक निर्वाचन क्षेत्रका लागि एउटै खर्च सीमा हुन नहुनेजस्ता दलहरूबाट प्राप्त सुझाव छलफल गरेर निर्णय गरिने बताए। उनले तोकिएको खर्चको हदलाई आचारसंहिताका रूपमा दल र उम्मेदवारले पालना गर्ने विश्वास व्यक्त गरे।

निर्वाचन आयोग ऐन, २०७३ को दफा २४ मा निर्वाचन खर्चको हद आयोगले तोक्न सक्ने व्यवस्था रहेको छ। उक्त दफाको उपदफा १ मा आयोगले राजनीतिक दल वा उम्मेदवारले निर्वाचनमा गर्न पाउने खर्चको अधिकतम हद तोक्नेछ भनिएको छ। दफा २ मा आयोगले उपदफा १ बमोजिम अधिकतम हद तोकिएको सूचना नेपाल राजपत्रमा प्रकाशन गर्नुपर्ने उल्लेख छ। यस्तै उपदफा ३ मा निर्वाचनमा भाग लिने राजनीतिक दल वा उम्मेदवारले उपदफा १ बमोजिम तोकिएको अधिकतम हदभन्दा बढी हुने गरी निर्वाचन खर्च गर्नु वा गराउनुहुँदैन भनिएको छ।

सोही ऐनको दफा २५ मा निर्वाचन खर्चको विवरण पेश गर्नुपर्ने दायित्व भएको राजनीतिक दल वा उम्मेदवारले निर्वाचनको अन्तिम परिणाम प्रकाशित भएको मितिले ३० दिनभित्र आयोगले तोकेको ढाँचामा खर्चको बिल भर्पाईसहित आयोगले तोकेको कार्यालयमा निर्वाचन खर्चको विवरण पेश गर्नुपर्ने उल्लेख छ। आयोगले गत वैशाख ३० गतेको स्थानीय तहको निर्वाचनमा भएको खर्च विवरण नबुझाउने कुल १,२३,६२४ उम्मेदवारलाई रु ७,५०,००० सम्म जरिवानासहित कारबाई गरेको छ।



निर्वाचन आयोग नेपालद्वारा आयोजित प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचन २०७९ को विषयमा विभिन्न राजनीतिक दलसँग दल तथा उम्मेदवारले निर्वाचनमा गर्न पाउने खर्चको अधिकतम हद निर्धारण सम्बन्धमा छलफल गर्दै। तस्वीरः रासस

कार्यान्वयन गराउन विभिन्न व्यक्ति, निकाय र अधिकारीलाई निर्देशन दिएको छ। आयोगले मङ्गलवार एक विज्ञप्ति जारी गर्दै बुधवारदेखि लागू हुने सो आचारसंहिता कार्यान्वयन गराउन ती व्यक्ति, निकाय र अधिकारीलाई निर्देशन दिइएको जनाएको छ।

आयोगले नेपाल सरकार र नेपाल सरकारका मन्त्री, प्रदेश सरकार र प्रदेश सरकारका मन्त्री, संवैधानिक निकाय र पदाधिकारी, नेपाल सरकार वा प्रदेश सरकारका निकाय र ती निकायका पदाधिकारी, स्थानीय कार्यपालिका र सोका सदस्य, सङ्घ, प्रदेश र स्थानीय तहका कर्मचारीलाई आचारसंहिता कार्यान्वयन गर्न/गराउन निर्देशन दिएको हो।

सुरक्षा निकाय, सुरक्षाकर्मी तथा कर्मचारी, सरकारी, अर्धसरकारी तथा सार्वजनिक संस्थाको कार्यालय र राजनीतिक दल तथा उम्मेदवारको मतदान प्रतिनिधि तथा मतगणना प्रतिनिधि, सार्वजनिक पद धारण गरेको व्यक्तिले पनि आयोगद्वारा जारी आचारसंहिता कार्यान्वयन गर्नुपर्नेछ।

यस्तै, अनुगमन समितिको पदाधिकारी तथा अनुगमनकर्ता, पर्यवेक्षण संस्था तथा पर्यवेक्षक, सञ्चार प्रतिष्ठान, कर्मचारी र सञ्चारकर्मी, निजी तथा गैरसरकारी संस्था, सोको पदाधिकारी तथा कर्मचारी, विद्यालय, महाविद्यालय वा विश्वविद्यालयकाका शिक्षक तथा कर्मचारी, मतदाता र विकास साझेदार संस्थाले पनि आचारसंहिता पालना गर्नुपर्नेछ।

सरकारी वा अर्धसरकारी निकायबाट सञ्चालित परियोजना तथा परियोजनाका कर्मचारी, मतदाता शिक्षा कार्यक्रम सञ्चालन गर्ने संस्था तथा सो संस्थाका कर्मचारी, निजी क्षेत्रका बैंक वस्तु वा सेवाप्रदायक व्यावसायिक संस्थाका पदाधिकारी, कर्मचारी तथा कामदार र आयोगले तोकेका अन्य निकाय वा व्यक्तिले आचारसंहिताको पालना गर्नुपर्ने आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलले जानकारी दिए।

प्रतिनिधिसभा सदस्य तथा प्रदेशसभा सदस्य निर्वाचन प्रयोजनका लागि आयोगले भोलि बुधवारदेखि निर्वाचन आचारसंहिता लागू गर्दैछ। आगामी मङ्सिर ४ गते आइतवारका दिन एकै चरणमा प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचन हुँदैछ। निर्वाचनमा स्वच्छता, निष्पक्षता, पारदर्शिता र भयमुक्त वातावरण कायम गर्न आयोगले गत भदौ १३ गते नेपाल राजपत्रमा निर्वाचन आचारसंहिता, २०७९ प्रकाशन गरेको थियो। निर्वाचन सम्पन्न नभएसम्मका लागि आचारसंहिता लागू हुनेछ।

# रसुवागढी जलविद्युत् आयोजनाको उपकरण जडान तीव्र

रसुवा, ११ असोज/रासस

उत्तरी रसुवास्थित टिमुरे क्षेत्रमा निर्माणाधीन रसुवागढी जलविद्युत् आयोजनाको उपकरण जडान कार्य तीव्ररूपले अगाडि बढेको छ। १११ मेगावाट विद्युत् उत्पादन गर्ने लक्ष्यका साथ सन् २०१३ बाट चरणबद्धरूपमा अगाडि बढेको सो आयोजनाको सुरुङ खन्नेलगायत संरचना निर्माण गरी उपकरण जडानलाई उच्च प्राथमिकता दिइएको छ।

आयोजना प्रमुख सत्यराम ज्याख्वका अनुसार उपकरण जडान कार्य ६० प्रतिशत पूरा भएको र बाँकी २०७९ भित्रै सम्पन्न गर्ने लक्ष्यका साथ काम अगाडि बढिरहेको छ।

भोटेकोशी खोलाको बाँध तथा ४,१८५ मिटर लामो हेडरेस सुरुङ एवं विद्युत्गृहको संरचना निर्माण सम्पन्न गरी उपकरण जडान काम अगाडि बढेको हो।

केही वर्ष पहिले भएको इन्धन अभाव, समय–समयमा गइरहने वर्षायाम तथा हिउँदयामको सुक्खा पहिराले राजमार्ग अवरुद्ध भइरहँदा निर्माण सामग्री ढुवानीमा असर, विसं २०७२ को भूकम्प असरले पहरा फेदको बाहिरी भागमा लामो समयसम्म हिंडडुल तथा काम गर्नसमेत जोखिम, भोटेकोशीमा गत वर्ष आएको बाढी, कोभिड सङ्क्रमणजस्ता विविध समस्याका कारण विद्युत् उत्पादनमा ढिलाइ भएको बताइन्छ।

रु १३ अर्ब ६० करोडको लागतमा सन् २०१७ मैं सम्पन्न गर्ने लक्ष्यका साथ निर्माण अगाडि बढाइएको सो आयोजना समयमा सम्पन्न गर्न विविध कठिनाइका कारण ढिलाइ भएको हो। आयोजना निर्माणको समयावधि लम्बिन गएकोले

(बाँकी अन्तिम पातामा)

# जङ्गली हात्तीले झबराहामा धानबाली नष्ट गर्‍यो

बलिराम शुक्ला, बिरुवागुठी, ११ असोज/

पर्सागढी नगरपालिका–३ झबराहामा किसानले लगाएको धानबालीमा जङ्गली हात्तीले क्षति पुर्‍याएको छ। लगातार दुई दिनदेखि जङ्गली हात्ती आई गाउँनजीक लगाइएको करीब एक बिघा धानको बालीमा क्षति पुर्‍याएको हो।



पाकेको धानबाली कुल्चिएर र खाएर नष्ट गरेको दृश्य। तस्वीरः प्रतीक

हात्तीले प्रकाश लोप्चनको १० कट्ठा, गणेशलाल लामाको पाँच कट्ठा, सुनालाल स्याङ्बोको आठ कट्ठा, नरबहादुर क्षत्रीको तीन कट्ठा, रामबहादुर बस्नेतको पाँच कट्ठामा पाकेको धानबाली पूर्णरूपमा नष्ट बनाएको पीडितहरूले बताएका छन्।

किसान लोप्चनले पाकेर काट्ने बेला भएको धानबालीमा दुई दिनदेखि हात्ती आएर नष्ट गरिदिएपछि एक वर्षसम्म के खाने भनेर चिन्ताले सताएको बताए। उनले यसको क्षतिपूर्ति स्थानीय सरकारले गर्नुपर्ने माग गरे।

पर्सागढी नपाका कृषि शाखा प्रमुख खड्गबहादुर खत्रीले हात्तीले क्षति पुर्‍याएको धानबालीको निरीक्षण गरी विवरण सङ्कलन गर्ने र यस विषयमा नगरप्रमुख र अधिकृतसँग सल्लाह गर्ने आश्वासन दिएको किसानहरूले बताएका छन्।

## रसुवागढी जलविद्युत्....

महँगीको तुलनामा निर्माण लागत केही अंशले बढ्ने प्राविधिकले बताएका छन्।

विसं २०७९ भित्रै परीक्षण उत्पादन गर्ने अठोट गरिए पनि हालसम्म राष्ट्रिय प्रसारण लाइन तयार नहुँदा उत्पादित विद्युत् केही समयका लागि खेर जाने हो कि भन्ने चिन्ता बढेको छ।

उपकरण जडानका साथै उत्पादित बिजुली राष्ट्रिय प्रसारणमा पठाउन टिमुरेबाट आमाछोदिङ्मो गाउँपालिकाको थाम्बुचेतमा रहने विद्युत् हबमा लैजाने अन्तरिक प्रसारण लाइन निर्माणसमेत भइरहेको वातावरणविज्ञ तेज साउदले जानकारी दिए।

आयोजनाले उत्पादन गरेका विद्युत् काठमाडौं पुर्‍याउन राष्ट्रिय प्रसारण लाइन निर्माणको अन्तिम चरणमा पुगेको बताइएको छ।


## उत्पादन बढाऔं र औद्योगिकीकरणमा सहयोग गरौं

- विलासिताका वस्तु तथा सेवाको उपयोग घटाऔं।
- देखासिकी नगरौं, आफ्नो आर्थिक क्षमताको पहिचान गरौं।
- आर्थिक मितव्ययी बनौं; फजुल खर्च नगरौं।
- बचत गरी बैंक तथा वित्तीय संस्थामा रकम जम्मा गरौं।
- स्थानीय स्रोतको परिचालन गरी उत्पादनमा लगानी गरौं।
- आर्थिकरूपमा सक्षम बनौं, राष्ट्रिय पूँजी निर्माणमा योगदान गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड







## मधेसमा ओल......

तरकारी हो।

ओलको तरकारीका साथै अचारको परिकार प्रसिद्ध छ। मधेसमा पाहुनाका लागि होस् वा खास अवसरको भोज समारोहमा होस्, ओलको चटनी विशिष्ट परिकारमा गनिन्छ। खाइएको वा खुवाइएको अन्य परिकारबारे खासै चर्चा नभए नगरिए पनि यस्ता अवसरमा ओलको परिकारको चर्चा भने सबैजसोले गर्छन्। यसले मधेसमा ओलको महत्त्व बुझ्न सकिने बर्दिबास–१४ का सुकन महतो बताउँछन्।

आफ्नो वरिपरि शीतभण्डारको सुविधा भए ओल वर्षभरि नै टिकाउन सकिने किसान बताउँछन्। प्रतिकट्ठा रु पाँच/सात हजार लगानीभित्र गर्न सकिने ओलखेतीबाट आम्दानी प्रतिकट्ठा रु २५/३० हजारसम्म लिन सकिने किसानको भनाइ छ। उन्नत जातको एउटै बोटमा आठदेखि १० किलोसम्मको एउटै ओल फल्ने गर्छ। बजारमा न्यूनतम रु ४० देखि रु ८० प्रतिकिलो सरदर नै बिक्री हुने गरेको भङ्गाहा–४ का चन्देश्वर राय दनुवार बताउँछन्। चाडपर्व विशेषमा त यसको भाउ सय नाघ्ने गरेको उपभोक्ता बताउँछन्।

नगरभरि नै ओलखेती हुने गरेकाले बर्दिबास, भङ्गाहा, गौशाला र औरहीका किसानले आफ्नो उत्पादन एकत्रित गरेर जलेश्वर, जनकपुर, मलङ्गवासहितका नजीकका बजार र पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म उत्पादन पुर्‍याउने गरिएको भङ्गाहा–४ का सत्यनारायण यादवको भनाइ छ। आफ्नो क्षेत्रको ओल बीउका लागि कैलाली, कञ्चनपुरसम्म पुर्‍याइने गरिएको यादवले बताए।

प्रत्येक वर्ष चैत/वैशाखमा रोपिने ओल भदौ/असोजभरि खनेर निकालिन्छ। विषादी छर्किनु नपर्ने, हल्का सिंचाइमैं गर्न सकिने र चार महीनाभित्रै उत्पादन लिन सकिने भएपछि ओल किसानबीच लोकप्रिय हुँदै गएको हो। अचेल विभिन्न कृषि कार्यालय, बीउबिजन केन्द्र र बीउ उत्पादक आफ्ना स्थायी ग्राहक नै बनेका यहाँका किसानको भनाइ छ।

किसानले प्रत्येक नगरमा शीतभण्डार भवनको चाँजो मिलाइदिन आआफ्ना नगर नेतृत्वसँग आग्रह गरेका छन्। शीतभण्डारको व्यवस्थापन हुन सके ओलबाट अहिले लिइरहेको आम्दानी दोब्बरले बढ्ने किसानको भनाइ छ।

# खेलकूदको संसार

## दशैं कप नकआउट फूटबल प्रतियोगिता
## आयोजक वनशक्ति युवा क्लब विजयी

चिरञ्जीवी सापकोटा, ठोरी, ११ असोज/

ठोरी गाउँपालिका वडा नं २ को फूटबल मैदानमा वनशक्ति युवा क्लबको आयोजनामा सञ्चालन भइरहेको दशैं कप नकआउट फूटबल प्रतियोगिताको तेस्रो दिनको खेलमा आयोजक वनशक्ति युवा क्लब 'ए' विजयी भएको छ। पानी परेर



तस्वीरः प्रतीक

खेलमैदानमा पानी जमेका कारण आजको खेल निर्धारित समयमा सुचारु हुन नसक्दा दुईवटा खेल हुनुपर्नेमा एउटा मात्र खेल भएको आयोजकले जनाएको छ। आजको खेलमा वनशक्तिले युवा हरियाली क्लब, हनुमाननगरलाई ३–० गोलअन्तरले पराजित गरेको छ। रेफ्रीले निष्पक्ष नखेलाएको र फलसमेत नदिएको आरोप लगाउँदै खेलको अन्तिम समयमा युवा हरियालीका खेलाडीहरूले खेलमैदान छाडेका थिए।

वनशक्तिको जीतमा जर्सी नं ७ का सुशील खत्री, जर्सी नं १० का राज तामाङ र जर्सी नं ५ का रूपेश लामाले समान एक/एक गोल गरेका थिए। आजको खेलको 'म्यान अफ दी म्याच' वनशक्तिको जर्सी नं ८ का नवीन बस्नेत घोषित भए।

भोलिको पहिलो खेल मून स्टार युवा क्लब, ठोरी–३ र ब्रह्मज्योति युवा क्लब, ठोरी–३ बीच हुनेछ भने दोस्रो खेल तमु ब्वाइज र युथ युनिटीबीच हुने आयोजक समितिका कोषाध्यक्ष विशाल क्षत्रीले जानकारी दिए।

१६ वटा क्लबको सहभागिता रहेको फाइनल खेल असोज २१ गते हुनेछ भने विजेतालाई नगद रु ६० हजार, शिल्ड, मेडल तथा प्रमाणपत्र प्रदान गरिनेछ तथा उपविजेतालाई नगद रु ३० हजार, शिल्ड, मेडल एवं प्रमाणपत्र प्रदान गरिने पनि क्षत्रीले जानकारी दिए।

## अञ्जनको ह्याट्रिकमा नेपालद्वारा बङ्गलादेश पराजित

काठमाडौं, ११ असोज/रासस

अञ्जन विष्टको ह्याट्रिक मदतमा नेपालले अन्तर्राष्ट्रिय मैत्रीपूर्ण फूटबलमा बङ्गलादेशलाई पराजित गरेको छ। त्रिपुरेश्वरस्थित दशरथ रङ्गशालामा मङ्गलवार भएको खेलमा नेपालले बङ्गलादेशलाई ३–१ गोलअन्तरले हराएको हो।



तस्वीरः रासस

नेपालले मध्यान्तरअघि तीन गोल गर्‍यो भने बङ्गलादेशलले मध्यान्तरपछि एक गोल फर्काएको थियो। नेपालको जीतमा अञ्जन विष्ट नायक बने। उनले नेपालका लागि ह्याट्रिक पूरा गरे। राष्ट्रिय फूटबल टोलीका फरवार्ड विष्टले खेलको १८, २७ र ३८औं मिनेटमा गोल गरे।

विष्टले खेलको १८औं मिनेटमा नेपाललाई पहिलो अग्रता दिलाए। विमल घर्तीमगरको फ्री किक बललाई हेडरमार्फत गोल गर्दै नेपाललाई पहिलो अग्रता दिलाएका थिए।

त्यस्तै, खेलको २७औं मिनेटमा उनले व्यक्तिगत दोस्रो गोल गरे। विशाल राईबाट आएको पासलाई तेज तामाङले गरेको प्रहार गोलरक्षक अनिसुर रहमानले पञ्च गर्दै बचाए पनि रिबाउन्ड बललाई अञ्जनले गोलमा परिणत गर्दै नेपालको अग्रता दोब्बर बनाए।

खेलको ३८औं मिनेटमा विकास राईको फ्री किक बललाई सदुपयोग गर्दै विष्टले गोल गरे। उनको यस गोलसँगै नेपालको अग्रता तेब्बर भयो भने उनले ह्याट्रिक पूरा गरे। खेलको ५५औं मिनेटमा बङ्गलादेशका सजाद हुसेनले सान्त्वना गोल फर्काए। नेपालका खेलाडी रोहित चन्दलाई बिट गर्दै हुसेनले उपलब्ध गराएको क्रस बललाई सदुपयोग गर्दै हेडरमार्फत गोल गरेका थिए। त्यसपछि दुवै टोलीले गोल गर्न सकेनन्।

खेलमा नेपाली टोलीका फरवार्ड विष्ट 'म्यान अफ दी म्याच' घोषित भए।



**पसिनाको महत्त्वः** पर्सा जिल्लाको श्रीसिया सुक्खा बन्दरगाहमा फलामका सानासाना टुक्रा बोरामा सङ्कलन गरी फ्याक्ट्रीमा पठाउन लोड गर्दै स्थानीय मजदूर। जति काम गरे पनि मजदूरहरूको आर्थिक अवस्था सुध्रेको देखिंदैन। तस्वीरः प्रतीक